F.N. 006


# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

धरान, नेपाल

# B. P. Koirala Institute of Health Sciences

Dharan, Nepal


२०७८।०२।०६

*Ref. No.* ३६५५/०६६/०६८

## प्रेस विज्ञप्ती

मिति २०७८ जेठ ५ गते बुधबार confusenepal.com अनलाइन पत्रिकामा **"अक्सिजन प्लान्टमा समस्या हुँदा बिपी प्रतिष्ठानमा विरामीको मृत्यु दर बढ्दैं, प्रतिष्ठानमा अक्सिजन आपूर्ति ठप्प"** भन्ने शिर्षकमा समाचार प्रकाशित भएको प्रति प्रतिष्ठानको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त समाचार गलत, भ्रामक, तथ्यहिन र कपोकल्पित भएको सबैमा जानकारी गराउन चाहन्छौ ।

एक पक्षीय रुपमा प्रतिष्ठानको आधिकारिक कुनै पनि अधिकारीहरुसँग जानकारी एवं तथ्यांक संकलनका लागि सम्पर्क नै नगरि काल्पनिक श्रोतको हवाला दिएर समाचार प्रकाशन गरिएकाले प्रतिष्ठानको छवि धमिल्याउने काम भएको प्रतिष्ठानले ठानेको छ । वर्तमान परिस्थितिमा बढ्दो महामारीका बेला आम जनमानसको मनोबल बढाउनका खातिर सहि सत्य तथ्य समाचार प्रकाशन गर्नु पत्रकारिताको कर्तव्य हुन आउँछ । स्वास्थ्य जस्तो संवेदनशील विषयमा विना ठोस आधार भ्रामक समाचार संप्रेषण गर्नुले आम जनमानसमा त्रास उत्पन्न हुनुको साथै आफ्ना जीवन जोखिममा राखेर महामारीका समयमा उपचारमा संलग्न चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरुको मनोबलमा समेत कमी आउने भएको हुनाले सबै संचारगृहलाई प्रतिष्ठानको कुनै पनि विषयमा जानकारी लिनु परेमा पदाधिकारीहरु तथा प्रवक्तासँग सूचना लिन सकिने अवगत गराउँदै भ्रामक, कपोकल्पित र आधारहिन सामाग्री संप्रेषण नगर्न हुन समेत सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

प्रतिष्ठानको अक्सिजन प्लान्ट सम्बन्धी तथ्यांकहरु त्रुटीपूर्ण ढंगले प्रकाशन गरिएको छ । ७ फेब्रुअरी २०१९ देखि संचालनमा रहेको अक्सिजन प्लान्ट ३-४ महिना अघि मात्र जोडिएको भनिनु, दैनिक १६ सय लिटर प्रति मिनेट अक्सिजन उत्पादन हुने प्लान्ट भएको र महिनौ देखि बिग्रिएको भनि अक्सिजन उत्पादन तथ्यांक उल्लेख गरिएको समेत त्रुटिपूर्ण रहेको छ ।

मेशिन उपकरणको नियमित प्रयोग गरिरहँदा कुनै पनि बेला समस्या आउन सक्नु स्वभाविक भएता पनि त्यसका लागि निश्चित समयमा मर्मत सम्भारको आवश्यकता पर्ने हुदाँ सो कार्य प्रतिष्ठानबाट भइनै रहेको जानकारी गराइन्छ । हालसम्म प्रतिष्ठानको अक्सिजन प्लान्ट संचालन मै रहेको र कम्पनिले तोकेको समय सीमा भित्र मर्मत संभारका लागि कार्यादेश समेत प्रतिष्ठानले जारी गरी सकेको छ । हाल विरामीको अत्याधिक चाप रहेको र कोभिड संक्रमण उपचाररत सम्पूर्ण विरामीहरुलाई अक्सिजनको आवश्यकता परेको हुदाँ २४सैं घण्टा मेशिन संचालन कुनै बेला विद्युत अवारोध भएका बेला अक्सिजनको अभाव कमी हुन नदिन प्रतिष्ठानले सिलिण्डर मार्फत अक्सिजन सप्लाई गरिरहेकोमा ६० प्रतिशत अक्सिजन सिलिण्डर किनेर चलाइरहेको भन्ने समेत गलत भएको जानकारी गराइन्छ ।

कोभिड अस्पतालमा पाइपलाईन मार्फत अक्सिजन सप्लाई भईरहेको, व्याकअपको रुपमा Manifold समेत रहेको जसमा २४ घण्टा ड्यूटी रहनुको साथै Manifold तथा अस्पताल भित्र Pressure Gauge समेत रहेको छ । र कुनै पनि किसिमको Drop-out Monitoring का लागि Alarm System पनि रहेको छ ।

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान, नेपाल
B. P. Koirala Institute of Health Sciences
Dharan, Nepal


Ref. No.

यसप्रकार कोभिड अस्पतालमा प्रतिष्ठानले बिरामीहरुलाई सेवा पुऱ्याइरहेकोमा गलत जानकारी सम्प्रेषण गर्नाले सर्वसाधारण प्रति अन्यौलता सृजना गर्ने भएको हुँदा आफ्नो मर्यादा तथा आचारसंहितामा रहेर प्रतिष्ठानको सूचना संम्प्रेषण गरिदिन हुन अनुरोध गर्दछौ ।

राष्ट्रको गरिमा बोकेको स्वास्थ्य विज्ञान प्रतिष्ठान विश्व महामारी कोभिड-१९ को संक्रमणमा शुरु देखि नै कर्तव्यपथमा अघि बढीरहेको छ र लगनशीलताका साथ जिम्मेवारी बहन गरिरहेको छ । यस अवस्थामा स्वास्थ्यकर्मीहरुको मनोबल गिराउने र हौसलामा ठेस पुऱ्याउने कार्य कसैबाट गर्न नहुने कुरा स्पष्ट पार्न चाहन्छौ ।

अन्त्यमा, सर्वसाधारणको स्वास्थ्यको सुरक्षाको प्रत्याभुति गराउँदै कोभिड-१९ को यस महामारी विरुद्धको लडाईमा जीतको लागि कुनैपनि कसर बाँकी नराखी कार्य गर्न प्रतिष्ठान सदैव प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छौ । अतः यस्ता गलत समाचार प्रकाशन गरी आम जनसमुदायमा भ्रम उत्पन्न गराउने कार्य भएको प्रति प्रतिष्ठान पूर्णरुपले खण्डन गर्दै खेद व्यक्त गर्दछ ।

- वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान


*Head Office, Dharan : 977-25-525555, 977-25-521017 ; Fax: 977-25-520251 ; E-mail: bpkihs@bpkihs.edu*
*Kathmandu Office : 01-4372263, P. O. Box 7053, Kathmandu ; url: www.bpkihs.edu*